# मनमोहन प्राविधिक विश्वविद्यालय
## सेवा आयोग

**मनमोहन प्राविधिक विश्वविद्यालय अन्तर्गत प्रशासन सेवाको पाँचौं तहका पदको कार्यक्षमताको आधारमा हुने बढुवाको सूचना**

**सूचना नं. ००६/२०७९/०८०**

प्रकाशन मिति : २०८०/०२/०१

कार्यक्षमताको आधारमा हुने बढुवाबाट पूर्ति हुनुपर्ने विश्वविद्यालय सेवाअन्तर्गत देहायका पदका लागि मनमोहन प्राविधिक विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवाका सर्त र सुविधासम्बन्धी नियमावली, २०७८ को नियम ६,७,८ र मनमोहन स्मृति पोलिटेक्निकका लागि शिक्षक, प्राविधिक र प्रशासनिक कर्मचारी नियुक्ति तथा बढुवासम्बन्धी कार्यविधि, २०७९ को दफा ५, ६ र ७ बमोजिमको शैक्षिक योग्यता र तालिम प्राप्त गरी २०७९ साल असार मसान्तसम्म बढुवाको लागि संभाव्य उम्मेद्वार भएका व्यक्तिहरूले सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाइ मिति २०८०/०२/२१ सम्ममा दरखास्त दिनुपर्नेछ ।

दरखास्त फाराम सेवा आयोगको कार्यालयबाट रु. १००/- तिरेर लिन सकिनेछ । सम्बन्धित उम्मेद्वारले एक प्रति दरखास्त फाराम  स्पस्टसँग भरी दरखास्त पेस गर्ने अन्तिम मितिभित्र सेवा आयोगको कार्यालयमा बुझाइ सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त फाराम उपर कुनै कारबाही गरिने छैन ।

**दरखास्त दिँदा उम्मेद्वारले ध्यान दिनुपर्ने कुराहरू :**

(क) मनमोहन प्राविधिक विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवाका सर्त र सुविधासम्बन्धी नियमावली, २०७८ को नियम १० बमोजिम बढुवाको लागि आयोग्य नभएको हुनुपर्नेछ।

(ख) मनमोहन प्राविधिक विश्वविद्यालय मनमोहन स्मृति पोलिटेक्निकका लागि शिक्षक, प्राविधिक र प्रशासनिक कर्मचारी नियुक्ति तथा बढुवासम्बन्धी कार्यविधि, २०७९ को दफा ८ अनुसारको शैक्षिक योग्यता, अनुभव, तालिम, कार्यसम्पादन मूल्याङ्कन र अनुसन्धान/प्रकाशनको मूल्याङ्कन सोही कार्यविधिका विभिन्न दफाहरूमा उल्लेख भएबमोजिम गणना हुनेछ।

(ग) विदेशी विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त उपाधिको हकमा समकक्षता मान्यता दिएको व्यक्तिगत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

(घ) दरखास्त फाराम को सम्पूर्ण महलहरूमा उल्लेख भएबमोजिमका विवरण स्पष्ट खुलाउनुपर्नेछ। दरखास्त फाराममा उल्लेख गरिएका शैक्षिक योग्यता, अनुभव, तालिम लगायतका कागजातहरूका आफैंले प्रमाणित गरेका प्रतिलिपि फारामसाथ संलग्न राखि बुझाउनु पर्नेछ।

(ङ) दरखास्त फारामको नोकरी विवरणसम्बन्धी महलमा हाल कार्यरत रहेको पदभन्दा एक तह मुनिको पदमा स्थायी सेवा गरेको भए सोको विवरणसमेत उल्लेख गर्नुपर्नेछ।

(च) दरखास्त दस्तुरबापत् पाँचौं तहको लागि रु. १,०००/- राष्ट्रिय बाणिज्य बैंक दुहबी शाखामा मनमोहन प्राविधिक विश्वविद्यालयको नाममा रहेको चल्ती खाता नं. २३४०१०००००७२८००१ मा जम्मा गरेको सक्कल भौचर दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ ।

## पदको विवरण

विश्वविद्यालय अन्तर्गत प्रशासन सेवाको पाँचौं तहः

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह | पद | पद संख्या |
|---|---|---|---|---|
| १. | ६/२०७९/०८० | प्रशासन/सामान्य प्रशासन | प्रशासकीय/मुख्य कार्यालय सहायक | ३ (तीन) |
| २. | ७/२०७९/०८० | प्रशासन/लेखा | मुख्य लेखा सहायक | १ (एक) |
| | | | **जम्मा** | **४ (चार)** |

★★★